**निर्णयहरुः**

**निर्णय नं. १ :**

वडा कार्यालयबाट अनुरोध भई आएका निम्न योजना र कार्यक्रमलाई निम्नानुसार हुने गरी रकमान्तर गर्ने निर्णय गरीयो ।

| क.सं. | वडा नं. | साबिकका योजना/कार्यक्रम | रकमान्तर हुने शिर्षक र रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ६ | सि सि क्यामेरा खरीद रु. ४०,०००।- | वडाका बिभिन्न टोल तथा बस्तिहरुका बाटोहरुमा ग्रावेल रु ७०,०००।- | |
| २ | ६ | पर्यटन मैत्री कार्यक्रम रु. ३०,०००।- | | |
| ३ | ६ | लक्षित कार्यक्रमको रु. १८०,०००।- मध्ये बाट | महिला स्वास्थ्य स्वयमसेविकालाई खाजा तथा यातायात खर्चमा रु ३६,०००।- | |
| ४ | १० | स्प्रे टंकी बितरणको रु . १००,०००।- | हर्क बहादुरको घर देखि पुर्व बिष्णु रेग्मीको घरसम्म कालोपत्रे मर्मत रु १४०,०००।- | |
| ५ | १० | मसलन्दको रु. ४०,०००।- | | |

**निर्णय नं. २ :**

यस रत्ननगरपालिकाको राष्ट्रिय अन्तर्राष्ट्रिय एवं स्थानिय स्तरको बिज्ञापन सम्बन्धी सूचना एवम प्रदर्शनीको राजश्व असुली प्रक्रियामा समावेश गर्न आगामी आ.ब.को लागी न्युनतम बिज्ञापन कर बार्षिक न्युनतम रु. १०,००,०००। (दश लाख) कायम गरी सार्वजनिक खरीद नियमावली अनुसार बोलपत्रको माध्यमबाट बढाबढ मार्फत प्रक्रिया अगाडि बढाउने निर्णय गरीयो ।

**निर्णय नं. ३ :**

वडा नं. ३ मा फोहोरमैला ब्यबस्थापनका लागी बाल्टिन बितरणका लागी भएको खर्च मध्ये रु ३०,०००। सम्बन्धित शिर्षकबाट भुक्तानि दिने निर्णय गरीयो ।

**निर्णय नं. ४ :**

यस नगरपालिकामा कार्यरत कर्मचारी श्री अम्बिका गौतमलाई नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी वडा सचिव पदमा कार्यरत रहेको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मुद्दा दायर भइ निलम्बन भएकोमा बिशेष अदालत, काठमाण्डौको आदेशले सफाइ पाएको हुँदा निजलाई निलम्वन फुकुवा गरी हाजिर गराउने र निलम्वन भएको अबधिको तलब भत्ता उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं. ५:**

वडा नं. २ तथा १३ को नबिनचोक देखि डुम्रीचोक जोड्ने सडक नेपाल सरकार स्थानिय पुर्बाधार बिकास अन्तर्गत जनसहभागितामा आधारीत कार्यक्रममा स्विकृत बजेट रु. ५०,००,०००। (पचास लाख) मध्येबाट प्रथम चरणको ठेक्का प्रक्रियामा ठेक्का कबोल हुँदा बचत भएको रु. १६,४०,०००। (सोह्र लाख चालिस हजार) रकमबाट सोहि सडकको बाँकी अंशमा स्थानिय उपभोक्ता समितिको लागत सहभागिता रहने गरी निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरीयो ।

**निर्णय नं. ६:**

सार्वजनिक जग्गा संरक्षण सम्बन्धी छलफल र २०७५ सालको विजयादशमीको उपलक्ष्यमा जनप्रतिनिधी र कर्मचारी बीच भएको मैत्रीपूर्ण फुटवल प्रतियोगिता आयोजना गरिएकोमा सो कार्यक्रममा खर्च भएको रु. ५१,२७५।- (एकाउन्न हजार दुईसय पचहत्तर) कार्यालय विविध खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

नगरपालिका भित्र नगरवासीको घर र पसलमा उत्पादन भएका फोहोरमैलाको ब्यबस्थापन हालसम्म नगरपालिकाले नै गर्दै आएकोमा आगामी आ.ब. बाट नीजि क्षेत्र मार्फत गर्ने गरी टेण्डर प्रक्रिया अगाडि बढाउने निर्णय गरीयो ।

**निर्णय नं. ८:**
आ.ब.०७५।०७६ को हाल सम्मको प्रगति, नगरपालिकाको उपलब्धीहरुको बारेमा नगरबासीलाइ जानकारी गराउने तथा आगामी समयमा गरीने गतिबिधिमा नगरबासीको सल्लाह र सुझाव तथा प्रतिक्रिया लिने उद्देश्यले मिति २०७६।०२।२९ गते सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने निर्णय गरीयो

**निर्णय नं. ९:**
रत्ननगर नगरपालिका अन्तर्गत वडा नं. ९ मा रहेको तमाङ्ग समाज ल्होच्याड सामुदायिक विश्राम घर निर्माण गर्न व्यक्ति तथा संस्थालाई विविध सहायता शिर्षकबाट रु. २,००,०००।- (दुई लाख मात्र) सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १० :**
रत्ननगर नगरपालिका वडा नं. ४ स्थित कयर खोला किनार संरक्षणको लागी १० (दश) थान तार जाली उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं. ११:**
यस रत्ननगर नगरपालिकामा संचालित बकुलहर रत्ननगर अस्पतालले स्वास्थ्य बिमा कार्यक्रम लगायत प्राइमरी अस्पतालका लागी तोककिएको सबै सुबिधा सहित पुर्वी चितवनका बासिन्दाको उपचारमा सर्वसुलभ एवम गुणस्तरीय सेवा प्रदान गर्दै आएको र बिभिन्न किसिमका बिरामीको संख्या बृद्धि भइरहेको हुदा सेवालाइ अझै बिशिष्टिकृत गर्नु पर्ने भएकोले प्रदेश नं.३ को सरकार मातहत रहने गरी सेकेण्डरी ए लेभलको अस्पतालको रुपमा सञ्

चालन गर्ने ब्यबस्था गरी दिन सिफारीस गरी पठाउने निर्णय गरीयो ।

**निर्णय नं. १२:**
यस रत्ननगर नगरपालिकाको ल्याण्डफिल साइट जोड्ने सडक कालोपत्रे गर्ने क्रममा बटरखोला पुल देखि डम्पिङ साइट जोड्ने सडकको जंगल गेट सम्म केही भाग मात्र अधुरो रहन गएकोले सो योजनालाइ सम्पन्न गर्न आबश्यक थप रकम रु ८०००००।(आठ लाख ) यसै आ.ब.को ल्याण्डफिल साइट कम्पोष्ट मल केन्द्र सञ्चालन शिर्षक बाट रकमान्तर गरी स्थानिय उपभोक्ता समिति मार्फत निर्माण गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १३:**
श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले पेश गरे बमोजिमको राजश्व अनुमान, वडागत तथा क्षेत्रगत बजेट सिलिङ, कार्यतालिका र मार्गदर्शन स्विकृत गरी बजेट निर्माणको प्रक्रिया अगाडि बढाउने निर्णय गरीयो ।

**तपसिल :**

| **शीर्षक** | **आ.व. २०७४।०७५ को यथार्थ** | **आ.व. २०७५।०७६ को संशोधित अनुमान** | **आ.व. २०७६।०७७ को अनुमान** |
|---|---|---|---|
| **आयः** | | ० | १,०१४,९१८,०००।०० |
| **राजस्वः** | | ० | २४५,१२३,०००।०० |
| आन्तरिक राजस्व | | | ९४,३८०,०००।०० |

| | | | |
|---|---|---|---|
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | | | १५०,७४३,०००।०० |
| अन्य आय | | | ( |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | | ० | ७५९,७९५,०००।०० |
| नेपाल सरकारबाट प्राप्त | | | ६७९,१००,०००।०० |
| प्रदेश सरकारबाट प्राप्त | | | ८०,६९५,०००।०० |
| अन्तर स्थानीय तहबाट प्राप्त | | | ( |
| **जनसहभागिताः** | | ० | १०,०००,०००।०० |
| नगद सहभागिता | | | १०,०००,०००।०० |
| श्रम तथा वस्तुगत सहायता | | | - |

## १. वडागत बजेट सिलिङ्ग

| वडा नं. | जनसङ्ख्या (३५%) | | भुगोल (३०%) | | राजस्व संकलन (२०७६ वैशाख मसान्तसम्म) (३५%) | | समान अनुदान | सूत्रमा आधारित भार | थप बजेट | कूल बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | भार | संख्या | भार | संख्या | भार | | | | |
| १ | ४९९९ | ०।०७२४ | १।५३ | ०।०२२३ | २,३६५,२०६।०६ | ०।१०३० | ५,५००,०००।०० | ०।०६८१ | ३२६८०००।०० | ८,७६८,०००।०० |
| २ | ४५८९ | ०।०६६५ | ०।९५ | ०।०१३८ | ३,२१३,७८५।५८ | ०।१४०० | ५,५००,०००।०० | ०।०७६४ | ३६६८०००।०० | ९,१६८,०००।०० |
| ३ | ४०५७ | ०।०५८८ | ३।७८ | ०।०५५० | ६८५,९८९।२६ | ०।०२९९ | ५,५००,०००।०० | ०।०४७५ | ३००००००।०० | ८,५००,०००।०० |
| ४ | ४१३४ | ०।०५९९ | ३।८५ | ०।०५६१ | ८८१,७७९।०० | ०।०३८४ | ५,५००,०००।०० | ०।०५१२ | ३००००००।०० | ८,५००,०००।०० |
| ५ | ३५६७ | ०।०५१७ | ५।०४ | ०।०७३४ | ४८०,४६०।९१ | ०।०२०९ | ५,५००,०००।०० | ०।०४७४ | ३००००००।०० | ८,५००,०००।०० |
| ६ | ३६३० | ०।०५२६ | ८।७४ | ०।१२७३ | ३,०२४,१६४।१३ | ०।१३१८ | ५,५००,०००।०० | ०।१०२७ | ४९२९०००।०० | १०,४२९,०००।०० |
| ७ | ३७०८ | ०।०५३७ | ५।१५ | ०।०७५० | १,३९६,९५७।०७ | ०।०६०९ | ५,५००,०००।०० | ०।०६२६ | ३००५०००।०० | ८,५०५,०००।०० |
| ८ | ३५०२ | ०।०५०७ | ३।७६ | ०।०५४८ | ६६५,८२८।२९ | ०।०२९० | ५,५००,०००।०० | ०।०४४३ | ३००००००।०० | ८,५००,०००।०० |
| ९ | ४६१० | ०।०६६८ | ५।६४ | ०।०८२१ | १,४२३,४३०।५० | ०।०६२० | ५,५००,०००।०० | ०।०६९७ | ३३४६०००।०० | ८,८४६,०००।०० |
| १० | ५७८९ | ०।०८३९ | २।२१ | ०।०३२२ | १,८९१,८९५।०० | ०।०८२४ | ५,५००,०००।०० | ०।०६७९ | ३२५७०००।०० | ८,७५७,०००।०० |
| ११ | ३४९२ | ०।०५०६ | ६।०७ | ०।०८८४ | | ०।०२८५ | ५,५००,०००।०० | ०।०५४२ | ३००००००।०० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ६५३,११८।०० | | | | | ८,५००,०००।०० |
| १२ | ४८४७ | ०।०७०२ | ३।९४ | ०।०५७४ | १,६४४,५१२।५० | ०।०७१६ | ५,५००,०००।०० | ०।०६६९ | ३२०९०००।०० | ८,७०९,०००।०० |
| १३ | ५५१४ | ०।०७९९ | ४।५६ | ०।०६६४ | १,१३८,१४४।६० | ०।०४९६ | ५,५००,०००।०० | ०।०६५२ | ३१३१०००।०० | ८,६३१,०००।०० |
| १४ | ३९७१ | ०।०५७५ | ५।८१ | ०।०८४६ | १,१६१,४१०।०० | ०।०५०६ | ५,५००,०००।०० | ०।०६३२ | ३०३५०००।०० | ८,५३५,०००।०० |
| १५ | ४८०३ | ०।०६९६ | ३।०१ | ०।०४३८ | ८९१,५०५।५० | ०।०३८८ | ५,५००,०००।०० | ०।०५११ | ३००००००।०० | ८,५००,०००।०० |
| १६ | ३८०५ | ०।०५५१ | ४।६३ | ०।०६७४ | १,४३३,९०७।०० | ०।०६२५ | ५,५००,०००।०० | ०।०६१४ | ३००००००।०० | ८,५००,०००।०० |
| | ६९०१७ | १ | ६८।६७ | १ | २,९५२,०९३।४० | १ | | १ | ५१८४८०००।०० | १३९,८४८,०००।०० |

नोट: १. सबै वडामा न्युनतम रु. ८५,००,०००।०० (पचासी लाख) प्रस्तावित गरिएको ।

२. चालू खर्च रु. १०,००,०००।०० (दश लाख) छुट्याई बाकी रहने बजेटबाट यसैसाथ संलग्न वडागत क्षेत्रगत प्रतिशतको आधारमा बजेट वितरण गर्नुपर्ने ।

## २. वडागत क्षेत्रगत बजेट वितरण सिलिङ्ग

| क्र. सं. | विवरण | नगरपालिका प्रतिशत | वडा प्रतिशत | रकम | समेटनु पर्ने क्षेत्रहरु |
|---|---|---|---|---|---|
| १. | आर्थिक विकास | १० | १० | | कृषि (कृषि आधुनीकिकरण, बाली विकास कार्यक्रम, आलु, तरकारी तथा मसला बाली विकास कार्यक्रम, सहकारी खेती, साना सिचाई तथा मल विउ ढुवानी कार्यक्रम, कृषि प्रसार कार्यक्रम), पशु (बंगुर तथा कुखुरा पालन सहकारी कार्यक्रम, पशुपंक्षी बजार प्रबर्द्धन कार्यक्रम, पशु आहार विकास कार्यक्रम, पशु स्वास्थ्य नियमन कार्यक्रम, पशु सेवा प्रसार कार्यक्रम, पशु विकास सेवा कार्यक्रम), उद्योग तथा बाणिज्य, पर्यटन (पर्यटन पुर्वाधार विकास कार्यक्रम), सहकारी, वित्तिय क्षेत्र |
| २. | सामाजिक विकास | १० | २२ | | **लक्षित वर्ग**, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन (ऐतिहासिक, पुरातात्वीक, धार्मिक स्थलहरुको संरक्षण), लैंगिक समानता तथा सामाजिक समावेशीकरण, सशक्तिकरण खेलकुद, युवा लक्षित कार्यक्रम, भाषा, साहित्य, कला, पुरस्कार सम्मान |
| ३. | पुर्वाधार विकास | **५५** | **५५** | | सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलबिद्युत (बैकल्पिक उर्जा समेत), संचार |
| ४. | वातावरण तथा विपद ब्यवस्थापन | ७ | ७ | | वन तथा भु-संरक्षण (बृक्षारोपण, नर्सरी ब्यवस्थापन), जलाधार, संरक्षण, वातावरण संरक्षण, जलबायु परिवर्तन, फोहोरमैला ब्यवस्थापन, ल्याण्डफिल साईट, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद ब्यवस्थापन |
| ५. | संस्थागत विकास | १.५ | ४ | | मानव संसाधन विकास, संस्थागत क्षमता विकास, संस्थागत पुर्वाधार, नागरिक वडापत्र तथा टोकन प्रणाली, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विधुतीय सूचना प्रविधिको प्रयोग, ऐन कानुन तर्जुमा तथा कार्यान्वयन, न्यायिक समिति, मेलमिलाप समिति |
| ६. | वित्तिय ब्यवस्थापन तथा सुशासन | १.५ | २ | | लेखांकन, राजश्व परिचालन, वित्तिय अनुशासन, वित्तिय जोखिम न्युनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, आन्तरिक लेखा परिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखा परिक्षण तथा बेरुजु फर्छ्यौट, सूचना तथा संचार ब्यवस्थापन, सार्वजनिक परिक्षण, वडा भेला, नगर सभा, बजार अनुगमन |
| ७. | समपुरक कोष | **१५** | ० | | |
| **जम्मा** | | **१००** | **१००** | | |

**नोट**

१। कार्यक्रम छनौट गर्दा प्रत्येक शिर्षकको बढीमा ५ वडा कार्यक्रम मात्र छनौट गर्नु पर्नेछ ।

२। वडा बाट कार्यक्रम तथा योजना छनौट तथा प्राथमिकीकरण गरि नगरपालिकामा पेश गर्नु पर्नेछ ।

३। पेश भएका कार्यक्रम तथा योजनाहरुलाई विषयगत समितिमा छलफल गरि प्राथमिकीकरणको आधारमा बजेट विनियोजन गरिनेछ ।

**३. नगरपालिकास्तरीय क्षेत्रगत बजेट सिलिङ्ग :**

| क्र.सं. | विवरण | रकम | नगरपालिका प्रतिशत |
|---|---|---|---|
| १. | आर्थिक विकास | १२,५००,०००.०० | १० |
| २. | सामाजिक विकास | १२,५००,०००.०० | १० |
| ३. | पुर्वाधार विकास | ६८,७५०,०००.०० | ५५ |
| ४. | वातावरण तथा विपद व्यवस्थापन | ८,७५०,०००.०० | ७ |
| ५. | संस्थागत विकास | १,८७५,०००.०० | १.५ |
| ६. | वित्तिय व्यवस्थापन तथा सुशासन | १,८७५,०००.०० | १.५ |
| ७. | समपुरक कोष | १८,७५०,०००.०० | १५ |
| जम्मा | | **१२५,०००,०००.००** | १०० |

**४) सभा सञ्चालन चरणगत कार्यतालिका**

| क्र.स. | कार्य विवरण | मिति | जिम्मेवारी |
|---|---|---|---|
| १ | श्रोतअनुमान तथा कुल बजेट सिमा र मार्गदर्शन निर्धारण र स्वीकृति | २०७६/२/१९ गते | श्रोत अनुमान तथा कुल बजेट निर्धारण समिति |
| २ | वस्ती टोल स्तरमा आयोजना / कार्यक्रम छनौट | २०७६/२/२० देखि २०७६/२/२४ गते सम्म | वडा समिति |
| ३ | वडा स्तरीय आयोजना/कार्यक्रम प्राथमिकीकरण गरि नगरपालिकामा पेश गर्ने | २०७६/२/२५ देखि २०७६/२/२६ गते सम्म | वडा समिति |
| ४ | कार्यक्रमहरुको विषयक्षेत्रगत सुची निर्धारण | २०७६/२/२७ देखि २०७६/२/२९ गते सम्म | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ५ | बिषय क्षेत्रगत सुची उपर छलफल गरि प्राथमिकीकरण गरि पेश गर्ने | २०७६/२/३० देखि २०७६/३/०२ गते सम्म | विषयगत कार्य समूह |
| ६ | प्राथमिकीकरण भई पेश भएका योजना उपर छलफल | २०७६/३/३ देखि २०७६/३/६ गते सम्म | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ७ | नीति, कार्यक्रम तथा बजेट निर्धारण गरि नगर कार्यपालिकामा पेश गर्ने | २०७५/३/७ गते | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ८ | नगर कार्यपालिकाद्वारा स्वीकृत गर्ने | २०७५/३/८ गते | नगर कार्यपालिका |
| ८ | नगर कार्यपालिकाद्वारा सभामा पेश गर्ने | २०७५/३/१० गते | नगर कार्यपालिका |
| ९ | नीति, कार्यक्रम तथा बजेट उपर छलफल | २०७५/३/१० गते | नगर सभा |

**५. मार्गदर्शन**

१. आयोजना/कार्यक्रम छनौट गर्दा वडा भित्रका वस्तिहरुलाई भौगोलिक अवस्थिती, जनसंख्या, यातायातको सुविधा लगायतका आधारमा क्लष्टर निर्माण गरि राष्ट्रिय मान्यता प्राप्त राजनैतिक दल लगायत सम्भव भएसम्म सबै नागरिकलाई योजना छनौटको वस्ती स्तरीय भेलामा सहभागी हुने व्यवस्था मिलाउनु पर्नेछ ।

२. आयोजना/कार्यक्रम छनौटका लागि वडा सदस्यको नेतृत्वमा टोली परिचालन गर्नुपर्नेछ ।

३. आयोजना/कार्यक्रम छनौट गर्दा बालबालिका, महिला, आदिवासी, जनजाती, मधेसी, दलित, अपांग, सिमान्तकृत, पिछडावर्ग लगायत सबै समुदायको अर्थपुर्ण उपस्थिती हुने व्यवस्था मिलाउनु पर्नेछ ।

४. नागरिक समाजका संस्थाहरु, महिला, आमा समुहहरु, बालक्लवहरु, स्थानीय गैर सरकारी संस्थाहरु, सहकारी संस्थाहरु, निजी क्षेत्रका संस्थाहरु जस्ता स्थानीय संघ संस्था, टोल विकास संस्था, नागरिक सचेतना केन्द्र, वडा नागरिक मंचहरुको सक्रिय सहभागिता गराउनु पर्नेछ ।

५. वडास्तरबाट मांग नभएका तर नगरस्तरमा महत्वपुर्ण देखिएका आयोजना, कार्यक्रमहरुलाई समेत औचित्य खुलाई प्राथमिकिकरणको सूचीमा राखी पठाउन सकिनेछ ।

६. सार्वजनिक पार्क, मनोरन्जन स्थल तथा बालउद्यानको निर्माण तथा संचालनको व्यवस्था गर्नुपर्नेछ ।

७. अनौपचारिक शिक्षा कार्यक्रम तथा प्रारम्भिक बालविकास केन्द्र संचालन र व्यवस्थापन गर्नुपर्नेछ ।

८. पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बालक्लव, बालभेला तथा बालसंजालको संचालन र व्यवस्थापन गर्नुपर्नेछ ।

९. वडा तहको स्वास्थ्य केन्द्र तथा उप केन्द्रको संचालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

१०. बालबालिकाहरुलाई बि.सि.जि., पोलियो, भिटाभिन ए लगायत खोप कार्यक्रमको संचालन, व्यवस्थापन एवं समन्वय गर्नुपर्नेछ ।

११. पोषण कार्यक्रमको संचालन तथा समन्वय गर्नुपर्नेछ ।

१२. वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रम संचालन गर्नुपर्नेछ ।

१३. शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको संचालन गर्नुपर्नेछ ।

१४. सार्वजनिक शौचलय, प्रतिक्षालय तथा स्नान गृहको निर्माण र व्यवस्थापन गर्नुपर्नेछ ।

१५. वडास्तरीय सामुदायिक धाराको प्रवन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियन्त्रण गर्नु पर्नेछ।

१६. एम्बुलेन्स तथा शववाहन सेवा संचालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

१७. घरबाट निकास हुने फोहोरमैला संकलन र व्यवस्थापन, चोक तथा गल्लीहरुको सरसफाई, ढल निकास, मरेको जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको श्रोत संरक्षण गर्नुपर्नेछ ।

१८. सफा र स्वच्छ खानेपानीको प्रयोगको प्रवर्द्धन गर्नुपर्नेछ ।

१९. कृषि तथा फलफुल नर्सरीको स्थापना, समन्वय र प्रवर्द्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्नुपर्नेछ ।

२०. कृषि मलको माग संकलन गर्नुपर्नेछ ।

२१. कृषिमा लाग्ने रोगहरुको विवरण तयार गर्ने र रोग नियन्त्रण कार्यक्रम संचालन गर्नुपर्नेछ ।

२२. पशुपंक्षी विकास तथा छाडा चौपायाको व्यवस्थापन गर्नुपर्नेछ ।

२३. वडाभित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्नुपर्नेछ ।

२४. स्थानीय समुदायका चाडपर्व, भाषा, संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामुलक तथा सांस्कृतिक कार्यक्रम गर्नुपर्नेछ ।

२५. स्थानीय मौलिकता झल्कीने सांस्कृतिक रितीरिवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्नुपर्नेछ ।

२६. स्थानीय पर्यटकीय क्षेत्रहरुको पहिचान तथा स्थानीय संस्कृतिको जगेर्ना गरी पर्यटकीय सम्भावनाहरुको विकास गर्नुपर्नेछ ।

२७. स्थानीय स्तरमा गठन भएका संघसंस्था, समूह, सहकारी लगायतको क्षमता विकास गर्नुपर्नेछ ।

२८. स्थानीय ऐतिहासिक, पुरातात्विक, धार्मिक स्थल तथा सम्पदाहरुको संरक्षण गर्नुपर्नेछ ।

२९. वडाभित्र खेलकुद पुर्वाधारको विकास गर्नुपर्नेछ ।

३०. अन्तर विद्यालय तथा बाल क्लव मार्फत खेलकुद कार्यक्रमको संचालन गर्नुपर्नेछ ।

३१. युवा लक्षित कार्यक्रमहरु संचालन गर्नुपर्नेछ ।

३२. वडा क्षेत्रभित्रको बाटो घाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्नुपर्नेछ ।

३३. वडा भित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने व्यवस्था गर्नुपर्नेछ ।

३४. घरेलु उद्योगको लगत संकलन तथा सम्भाव्यता पहिचान गर्नुपर्नेछ ।

३५. वडाभित्र घरेलु उद्योग प्रवर्द्धन गर्नुपर्नेछ ।

३६. वडालाई बालमैत्री बनाउनु पर्नेछ ।

३७. वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सिमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्नु पर्नेछ ।

३८. बालविवाह, बहुविवाह, महिला विरुद्धको हिंसा, बोक्साबोक्सी, छुवाछुत, दाईजो, बालश्रम, लैंगिक भेदभाव, मानव बेचबिखन, निरक्षरता जस्ता सामाजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्नु पर्नेछ ।

३९. अशक्त विरामी भएको वेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुऱ्याई औषधी उपचार गराउनु पर्नेछ ।

४०. असहाय वा बेबारिसे व्यक्तिको मृत्यु भएका निजको दाह संस्कारको व्यवस्था मिलाउनु पर्नेछ ।

४१. वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्नुपर्नेछ ।

४२. वडा, टोल, वस्ती स्तरमा हरियाली क्षेत्र विस्तार गर्नुपर्नेछ ।

४३. वडालाई वातावरणमैत्री बनाउने तथा जलवायु परिवर्तन अनुकुलनका कार्यहरु गर्नुपर्नेछ ।

४४. प्रांगारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पुर्ण खोप, खुल्ला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासन जस्ता प्रवर्द्धनात्मक कार्यहरु गर्नुपर्नेछ ।